# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
(परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५१९५५६८ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org


मितिः- २०७६ । ०९ । १५

**MBS तथा MPA कार्यक्रमको चौथो तथा दोश्रोसत्र नियमित परीक्षाको परीक्षा फाराम भर्ने सूचना**

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०७४ साल (सन् २०१८) मा भर्ना भएका परीक्षार्थीहरुको चौथोसत्रको नियमित र सन् २०१८ अघि भर्नाभई चौथोसत्रको नियमित/मौका परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको चौथोसत्रको नियमित परीक्षा साथै २०७५ साल (सन् २०१९) मा उल्लेखित कार्यक्रममा भर्ना भएका परीक्षार्थीहरुको दोश्रोसत्रको नियमित र सन् २०१९ अघि भर्नाभई दोश्रोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको दोश्रोसत्रको नियमित परीक्षा **२०७६ साल फाल्गुण महिनाको चौथो सातादेखि एकैसाथ दिनबिराएर** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०७६ । १० । २४ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०७६ । १० । २८ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बमोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क** : फाराम भर्ने म्याद सकिएको भोलिपल्ट देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु २००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ४००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

*नोटः*

*(क) चौथोसत्रका नियमित परीक्षार्थीहरुको हकमा तेश्रोसत्रको नियमित परीक्षाको Grade Sheet को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा चौथोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगै संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) दोश्रोसत्रका नियमित परीक्षार्थीहरुको हकमा प्रथमसत्रको Grade Sheet को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा दोश्रोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगै संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ग) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(घ) परीक्षार्थीहरुको* ***आन्तरिक मुल्याङ्कन संकायको Website मा उपलब्ध नमुना बमोजिमको समष्टिगत विवरण*** *परीक्षा फाराम सगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु पर्नेछ ।* ***आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

*(ङ) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(च) परीक्षाशुल्क "व्यवस्थापन संकाय, डीनको कार्यालय, त्रि. वि. कीर्तिपुर" को नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६०००००१ मा जम्मा गरी सौको सक्कल भैचर परीक्षा फाराम सगै संलग्न हुनुपर्नेछ ।*

.................................
प्रा. डा. ध्रुव कुमार गौतम
सहायक डीन